# जिल्ला विकास समितिको कार्यालय, मोरङ

२९. **भवन निर्माण** – स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम ५७(ग) अनुसार रु.१ लाख भन्दा बढी रु.१० लाखसम्मको काम स्थानीयस्तरको पत्रिकामा सूचना प्रकाशन गरी सिलबन्दी दरभाउपत्रको माध्यमद्वारा गराउनुपर्नेमा कार्यालयले आवास भवन निर्माण र कोठा मर्मत तथा फर्निसिङ कार्य प्रतिस्पर्धा बेगर सीधै गराई रु.५ लाख ७४ हजार भुक्तानी दिएको छ ।

३०. **कन्टिन्जेन्सी** – गाउं विकास समिति अनुदान सञ्चालन निर्देशिका, २०५८ को दफा ८.२(ख) बमोजिम गाउं विकास समिति अनुदानको २ प्रतिशत कन्टिन्जेन्सीमध्येबाट जिल्ला विकास समितिले प्राविधिकहरुको तलब, भत्ता, दैनिक भ्रमण भत्ता, आवश्यक प्राविधिक उपकरण र प्राविधिक काममा सघाउ पुग्ने अन्य सामग्रीहरुका लागि खर्च गर्नसक्ने व्यवस्था भएकोमा कार्यालयले सो मापदण्ड विपरीत जिल्ला विकास समितिका पदाधिकारीहरुको सामान खरिदमा रु.२ लाख ८२ हजार र कर्मचारी भत्तामा रु.१६ हजार भुक्तानी गरेको छ ।

३१. **बिल भरपाई** – यो वर्ष एक संस्थालाई रु.३ लाख ५ हजार र एक इलाका सदस्यलाई रु.३५ हजार गरी ३ लाख ४० हजार बिल भरपाई बेगर भुक्तानी दिएको छ ।

३२. **अनुदानको अनुगमन** – स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २१० बमोजिम जिल्ला विकास समितिले योजना तर्जुमा गर्दा अनुमान गरिएका स्रोत साधनहरुको परिचालन लक्ष्य अनुरुप भए नभएको हेर्न एक सुपरीवेक्षण तथा अनुगमन समिति गठन गरी अनुगमन गर्नुपर्ने व्यवस्था भएकोमा कार्यालयले विभिन्न संघ संस्थालाई रु.३३ लाख ४४ हजार उपलब्ध गराएकोमा सोको उपयोग सम्बन्धमा अनुगमन गरेको छैन ।

३३. **प्रतिस्पर्धा बेगर निर्माण** – स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम ५७(ग) अनुसार स्वीकृत लागत र बजेटको परिधिभित्र रही रु.१० लाखसम्मको काम स्थानीयस्तरको पत्रिकामा सूचना प्रकाशित गरी सिलबन्दी दरभाउपत्रको माध्यमद्वारा गराउनुपर्ने व्यवस्था छ । सभापति र उप–सभापति निवास मर्मत लगायतको काम जिल्ला परिषद्बाट पारित नगरी २३ पटकमा विभिन्न ठेकेदारबाट सोझै कार्य गराई रु.१६ लाख ९९ हजार खर्च लेखेको छ ।

३४. **बढी भुक्तानी** – कार्यालयले कलभर्ट निर्माणका लागि रु.१ लाख २५ हजार अनुदान दिने सम्झौता गरेकोमा रु.२ लाख ५० हजार निकासा दिएकोले बढी दिएको रु.१ लाख २५ हजार असुल गर्नुपर्दछ ।

३५. **बढी खर्च असुली** – स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम ८१ मा पट्टा कबुलियतबमोजिम काम शुरु नगरेमा ठेक्का दिने अधिकारीले ठेक्का तोड्नसक्ने र अधुरो कार्य गर्न ठेक अङ्क भन्दा बढी व्यहोर्नु परेको रकम असुल गरी त्यस्तो ठेकेदारलाई कालोसूचीमा राख्नुपर्ने व्यवस्था छ । तर कार्यालयले कर्कट पाता आपूर्ति गर्ने एक ठेकेदारको ठेक्का तोडेकोमा उक्त ठेकेदारलाई कालोसूचीमा राखेको छैन । सम्झौतामा तोकिएको म्यादभित्र कार्य नगर्ने ठेकेदारको ठेक्का तोडी सार्वजनिक घटाघटमा सबै भन्दा कम कबोल गर्ने दोस्रो ठेकेदारबाट सामान खरिद गर्दा बढी खर्च भएको रु.१ लाख २ हजार असुल गरेको छैन ।